# अल्पसंख्यक जातिहरुको समानता प्रोत्साहन गर्न
# विद्यमान तथा योजनावद्ध उपायहरु

## शिक्षा

सरकार चीनी भाषा नबोल्ने (एन सी एस) विद्यार्थी (विशेषगरी जातिय अल्पसंख्यक (इ एम) विद्यार्थी) को समुदायमा प्रारम्भिक एकिकरणमा सहयोग गर्न प्रतिबद्ध छ, उनीहरुको स्थानीय शिक्षा प्रणालीमा अनुकूलन र चीनी भाषामा श्रेष्ठताको लागि सहजीकरणमा समेत जातिय अल्पसंख्यकहरुको सहयोगमा सुधार २०१४ देखि लागू भएको हो । विषेशतः शिक्षा ब्यूरो (इडीबी) ले चीनी भाषा नबोल्ने विद्यार्थीहरुको चीनी भाषाको प्रभावकारी अध्ययनमा सहजीकरण र विद्यालयहरुमा समावेशी अध्ययन वातावरण सृजनाको लागि सहयोग गर्न कदम चालेको छ । यस नीतिको उद्देश्य भनेको चीनी भाषा नबोल्ने विद्यार्थीहरुको अभिभावकलाई आफ्ना बालबालिकालाई चीनी भाषा सम्मेलित भएको वातावरण भएको विद्यालयमा अध्ययन गराउने व्यवस्था गर्न प्रोत्साहन गर्नु रहको छ, त्यही समयमा सरकारले सम्पूर्ण योग्य बालबालिका साथै चीनी भाषा नबोल्ने बालबालिकाको सामुदायिक क्षेत्रका विद्यालयमा भर्नाको लागि समान अवसर सुनिश्चित गर्दछ । विस्तृत विवरण निम्न अनुसार तय गरिएको छ :

**चिनिया भाषा पाठ्यक्रम दोस्रो भाषा अध्ययन ढाँचा**

| | |
|---|---|
| सम्बन्धित सेवाहरु | • चीनी भाषा नबोल्ने विद्यार्थीहरुको सहयोग गरि चिनियाँ भाषालाई दोस्रो भाषाको रुपमा अध्ययन गर्दा आउने अफ्ठ्यारा पार गर्न मुलधार चिनियाँ भाषा कक्षाहरुसंग सेतुको सुधार गर्ने दृष्टिकोणका साथ चिनियाँ भाषा पाठ्यक्रम दोस्रो भाषा अध्ययन ढाँचा (अध्ययन ढाँचा) २०१४/२०१५ देखि प्राथमिक तथा माध्यमिक विद्यालयमा लागू गरिएको हो । |
| विद्यमान उपायहरु | *अध्ययन ढाँचा*<br>• दास्रो भाषा अध्ययन गर्नेहरुको दृष्टिकोणबाट विकास गरिएको, अध्ययन ढाँचाले सुव्यवस्थित उद्देश्यहरु र अपेक्षित अध्ययन परिणामहरु को संग्रह प्रदान गर्दछ जसले चीनी भाषा नबोल्ने विद्यार्थीहरुको विभिन्न अध्ययन चरणहरु अध्ययन विकासको व्याख्या गर्दछ । यो चीनी नबोल्ने विद्यार्थीहरुको अध्ययन प्रभावकारिताको सुधार गर्न शिक्षकहरुलाई प्रगतिशिल अध्ययन लक्ष्य, अध्ययन प्रगति र अपेक्षित अध्ययन परिणामहरु तय गर्न सहयोग गर्नको निम्ति हो । |

- मोड्युल नुमना, मूल्याकंन साधान, अध्ययन तथा अध्यापन सामाग्री सहयोग साथै विद्यालयका नेता र शिक्षकहरु योजना साधनहरु २०१४ जुनबाट शुरु गरि चरणहरुमा उपलब्ध गराउँदै आएको छ । यो स्रोत सामाग्रीहरु प्रदान गराउँन अध्ययन ढाँचाको एउटा निश्चित वेबपेज तय गरिएको छ जसमा सम्पूर्ण सहयोग सामाग्रीहरु समावेश गरिएको छ । शिक्षकहरुको अध्ययन तथा अध्यापन रणनीति उपयुक्त ढंगले श्रेष्ठतामा सहजीकरण गर्न विभिन्न क्रियाकलापहरु जस्तै पाठ परिक्षण र अनुभव आदानप्रदानहरुको आयोजना गरिन्छ । अध्ययन ढाँचाको पूरक प्याकेजहरु (अध्ययन तथा अध्यापन सामाग्री साथै मूल्याकंन साधन सहित) निरन्तर रुपमा परिष्कृत हुनेछ। प्रदान गरिएका अध्ययन तथा अध्यापन समाग्रीको साथ साथै, शिक्षा ब्यूरोले प्राथमिक विद्यालयहरुसंगको सहकार्य गर्न एक तृतीय स्थरको संस्थालाई अधिकारिकता दिएको छ जसले सम्पूर्ण विद्यालय र चीनी नबोल्ने विद्यार्थीहरुको लागि २०१७ सम्ममा पहिलो पाठ्यपुस्तक जारी गर्न अध्ययन ढाँचाको २ र ३ तहको स्थरमा पाठ्यपुस्तकहरुको श्रृंखला विकास गर्छ ।

*शिक्षकहरुको व्यवसायिकतामा विकास*

- चीनी नबोल्ने विद्यार्थीहरुलाई पढाउने सम्पूर्ण शिक्षकहरुलाई यथोचित तालिमका अवसरहरु प्रदान गरिएकोछ । शिक्षकहरुको चिनियाँ भाषालाई दोस्रो भाषाको रुपमा पढाउने व्यवसायिक क्षमतामा विकास गर्न र उनीहरुको सांस्कृतिक र धार्मिक संवेदनशीलतामा उठान गर्न पाठ्यक्रम योजना र अध्ययन ढाँचा, अध्ययनको मूल्याकंन र दोस्रो भाषा अध्ययन तथा अध्यापन रणनीति संलग्न रहेको विभिदता र उच्च व्यवसायिक विकास कार्यक्रम (पिडीपिहरु) आयोजना गरिन्छ ।
- यसको अलावा, चिनियाँ भाषाका शिक्षकको चिनियाँ भाषालाई दोस्रो भाषाकोरुपमा पढाउने व्यवसायिक क्षमता विकास गर्न भाषा कोषको मातहतमा व्यवसायिकता विकास अनुदान योजना (चिनियाँ भाषालाई दोस्रो भाषाकोरुमा पढाउन) २०१४ देखि शुरु गरिएको छ ।

*विद्यालयमा लगानी सहयोगको वृद्धि*

- २०१४ / २०१५ को शैक्षिक सत्रदेखि, शिक्षा ब्यूरोले उल्लेख्य मात्रामा विद्यालयको थप लगानी बढाएर २ करोड डलर प्रति वर्ष (चीनी नबोल्ने विद्यार्थी भर्नाको आधारमा १० वा सो भन्दा बढि चीनी नबोल्ने विद्यार्थी भर्ना गरे वापत ८ लाख डलर देखि १५ लाख डलर सम्म थप लगानी प्रदान गर्दै आएको छ) अध्ययन ढाँचाको विद्यालय कार्यान्वयन सहजीकरण गर्न (विशेषगरि उपयुक्त तवरले विविध गहन अध्ययन र अध्यापन विधिको प्रयोग,

जस्तै कक्षा कोठा बाहिरको अध्ययन, विभाजित कक्षा÷समूह अध्ययन, विद्यलय पर्यन्त संस्थापन, आदि) तथा विद्यालयमा समावेशी अध्ययन वातावरणको सृजना (चीनी नबोल्ने विद्यार्थीहरुको अभिभावकहरुसंग संचार सुदृढ गर्न र बहु–सांस्कृतिक क्रियाकलापहरु आयोजना गर्न जातिय अल्पसंख्यक सहायकको नियुक्ति र÷वा अनुवाद सेवाहरुको प्रबन्ध गर्न समेत) ।

- चीनी नबोल्ने विद्यार्थीहरु थोरै मात्रामा (अर्थात १ देखि ९) भर्ना गर्ने विद्यालयमा रहेका चीनी नबोल्ने विद्यार्थीहरुले समेत चिनियाँ भाषा सम्मेलित वातावरण भएको विअद्यालयमा अध्ययन ढाँचाको फाइदा लिन सक्छन् । २०१४/१५ शैक्षिक सत्रदेखि, चीनी नबोल्ने विद्यार्थीहरुले कक्षामा सिकेको कुरा एकिकरण गर्न चिनियाँ अध्ययनको लागि विद्यालय पछिको सहयोग कार्यक्रम प्रदान गर्न आवश्यकतामा आधारित रहेर यी विद्यालयहरुले पनि थप लगानी प्राप्त गर्नसक्छन् ।

*विद्यालयमा आधारित व्यावसायिक सहयोग सेवाहरु*

- विविध विद्यालयमा आधारित व्यावसायिक सहयोग सेवाहरु[१] विद्यालयमा[1] अध्ययन ढाँचा अनुसारको पाठ्यक्रम प्रयोग गर्न सहयोग गर्नको लागि प्रदान गरिन्छ, अध्ययन तथा अध्यापन सामाग्री विकास गर्न र व्यवसायिक अध्ययन समुदायहरु र अनुभव आदानप्रदानको माध्यमबाट शिक्षकहरुको व्यवसायिक क्षमता बढाउन, चीनी नबोल्ने विद्यार्थीहरुलाई चिनियाँ भाषा अझ प्रभावकारी ढंगले अध्ययन गर्न मद्दत गर्ने उद्देश्यले ।

भविष्यको कामको लेखाजोखा

- शिक्षा ब्यूरोले, सोध तथा भाषा विज्ञहरुको सल्लाह अनुसार निर्मित सोध ढाँचामा आधारित, चीनी नबोल्ने विद्यार्थीहरुको साहयोगका उपायहरुको प्रभावकारिताको मूल्याङ्कन गर्न तथ्यहरुको संकलन र विश्लेषण गर्दै आएको छ ता कि सहयोग उपायहरुको गुणस्तर सुनिश्चित गर्न तथा विभिन्न उपायहरु आवश्यकताअनुसार परिस्कृत गर्न सक्षम होस् ।

अपनाइएका / अपनाइनु पर्ने अतिरिक्त उपायहरु

- शिक्षा ब्यूरोले सरोकारवालाहरुसंग धारणा संकलन गर्ने र आवश्यकता अनुरुप सहयोग उपायहरुको परिस्कृत गर्न ध्यान दिने कामलाई निरन्तरता दिनेछ ।

**विभिन्न माध्यममा अभिव्यक्ति**

---

[१]विविध विद्यालय आधारित व्यावसायिक सहयोग सेवाहरूमा ईआरबी व्यावसायिक समर्थन टोलीहरु र शिक्षा विका कोष द्वारा वित्त पोषित . परियोजनाहरु जस्तै विश्वविद्यालयमाध्यमिक ) व्यावसायिक विका विद्यालय योजना र विद्यालय हयोग पार्टनर ,स्कूल मर्थन कार्यक्रम- आदि , साइट समर्थन सेवाहरू मावेश गर्दछ।-योजना द्वारा प्रदान गरिएको गहन अन (शिक्षक.

| | |
|---|---|
| सम्बन्धित सेवाहरु | • चीनी भाषा नबोल्ने विद्यार्थीहरु माध्यमिक शिक्षाको हङ्गकङ्ग डिप्लोमा (एचकेडीएसई) (चिनियाँ भाषा) को परिक्षामा बस्न वा व्यवहारिक चिनियाँ अध्ययन (चीनी भाषा नबोल्ने विद्यार्थीहरुको लागि) उच्च माध्यमिक तहहरुमा बस्न सक्छन, र/वा अन्तर्राष्ट्रिय पहिचान रहेको बैकल्पिक चिनियाँ भाषा योग्यता हासिल गर्न सक्छन्, आफ्नो विभिन्न आवश्यकता पुरा गर्न र थप शिक्षा र पेशाको लक्ष्य अभिलाषा पुरा गर्न । |
| विद्यमान उपायहरु | *व्यवहारिक चिनियाँ अध्ययन (चीनी नबोल्ने विद्यार्थीहरुको लागि एपिएल(सी)*<br>• व्यवहारिक चिनियाँ अध्ययन, योग्यता ढाँचाको १ देखि ३ तह स्थरको, २०१४/२०१५ शैक्षिक सत्रदेखि चीनी नबोल्ने विद्यार्थीहरुको लागि उच्च माध्यमिक तहहरुमा शुरुवात गरिएको हो । व्यवहारिक चिनियाँ अध्ययनले विद्यार्थीहरुलाई दैनिक जीवन र कार्यक्षेत्रमा चाहिने व्यवहारिक चिनियाँ भाषा अध्ययन गर्न, र थप अध्ययन तथा कामको लागि मान्यताप्राप्त बैकल्पिक चिनियाँ भाषा योग्यता हासिल गर्न अवसर प्रदान गर्दछ । माध्यमिक शिक्षाको हङ्गकङ्ग डिप्लोमामा व्यवहारिक चिनियाँ अध्ययनको नतिजा "उत्तीर्ण" तथा "विशिष्ठ श्रेणीमा उत्तीर्ण" भनेर प्रकाशित गरिन्छ ।<br>*वैकल्पिक चिनियाँ भाषा योग्यता*<br>• वैकल्पिक चिनियाँ भाषा योग्यताको परिक्षाहरुमा चिनियाँ परिक्षाहरु अन्तर्गतका माध्यमिक शिक्षाको सामान्य प्रमाणपत्र (जीसीएसई¬), माध्यमिक शिक्षाको अन्तर्राष्ट्रिय सामान्य प्रमाणपत्र (आइजीसीएसई¬) तथा सामान्य शिक्षा प्रमाणपत्र (जीसीई) उच्च सहायक तह (एएस–तह) र उच्च तह (ए–तह) पर्दछन् । चीनी भाषा नबोल्ने योग्य विद्यार्थीहरुको लागि यस्ता विदेशी चिनियाँ परिक्षाहरुमा सहभागी हुन सहयोग प्रदान गरिन्छ । यस्ता सहयताको साथमा, चीनी भाषा नबोल्ने योग्य विद्यार्थीहरुलाई माध्यमिक शिक्षाको हङ्गकङ्ग डिप्लोमा सरहको परिक्षा शुल्क लिईन्छ ।<br>*अन्य*<br>• चीनी भाषा नबोल्ने विद्यालय छोडेकाहरुको रोजगारमा सुधार ल्याउन, भाषा शिक्षा तथा अनुसन्धान तदर्थ समितिले २०१६ मा "चीनी भाषा नबोल्ने विद्यालय छाडेकोहरुका लागि व्यवसायिक चिनियाँ भाषा पाठ्यक्रम" शुरु गरेको छ जुन योग्यता ढाँचाको १ वा २ तहको स्थरमा छ । सान्दर्भिक आवश्यकता पुरा गर्ने विद्यार्थीहरुले पढाई शुल्कमा ८५% सहयाता प्राप्त गर्नेछन् । |
| भविष्यको कामको लेखाजोखा | • वैकल्पिक चिनियाँ भाषा योग्यता र व्यवहारिक चिनियाँ अध्ययनलाई विश्वविद्यालय सहयोग समिति (यूजीसी) को लगानी रहेको विश्वविद्यालय र |

| | | |
|---|---|---|
| | | प्राय माध्यमिक पश्चातका संस्थाहरुमा भर्ना हुन सामान्य प्रवेश आवश्यकता पुरा हुनेसाथै निजामती सेवाका सामान्य श्रेणीहरुमा नियुक्ति हुने मान्यता दिएकोछ । |
| अपनाइएका - अपनाइनु पर्ने अतिरिक्त उपायहरु | • | माध्यमिक शिक्षाको हङ्गकङ्ग डिप्लोमा (चिनियाँ भाषा)को परिक्षा दिएका तर ३ तह वा सो भन्दा माथी पुग्न असफल चीनी भाषा नबोल्ने योग्य विद्यार्थीहरुको लागि, विश्वविद्यालय सहयोग समितिको लगानी रहेको विश्वविद्यालयहरुले चिनियाँ भाषा आवश्यकतामा विवेक प्रयोग गर्नेछन् र उनीहरुको भर्ना निवेदनहरुलाई मामिलाको आधारमा विचार गर्नेछन् । |

**अन्य सहयोगका उपायहरु**

**चिनिया भाषा अध्ययन सहयोग केन्द्रहरु**

| | | |
|---|---|---|
| सम्बन्धित सेवाहरु | • | चीनी भाषा नबोल्ने विद्यार्थीहरु, विशेष गरि ढिला शुरु गर्ने, को चिनियाँ भाषा अध्ययनलाइ सुद्धृढ गर्न विद्यालय पछि वा विदाको दिनमा सुधारात्मक कार्यक्रमहरु २००७ को मध्य देखि नै प्रदान गर्दै आइएको छ र शिक्षकहरुलाई व्यवसायिक सहयोग प्रदान गर्दै आइएको छ । |
| विद्यमान उपायहरु | • | चिनियाँ भाषा अध्ययन सहयोग केन्द्रहरु (केन्द्रहरु), विश्वविद्यालयबाट अधिकार प्राप्त, २०१६ - १७ को शैक्षिक सत्रमा २२ ठाउँबाट संचालित भएर सेवा प्रदान गर्न निरन्तरता दिनेछ। चीनी भाषा नबोल्ने विद्यार्थीहरुको अध्ययनलाई सहयोग गर्न केन्द्रहरुले सम्बन्धित अध्ययन संसाधन विकास गर्ने तथा चिनियाँ भाषा शिक्षकहरुलाई कार्यशाला आयोजना गर्नुका साथै चीनी भाषा नबोल्ने विद्यार्थीहरुको अभिभावकहरुको लागि कार्यशाला आयोजना गर्दछ। |
| | • | शैक्षिक सत्र २०१६ -१७ मा केन्द्रहरुमा भर्ना हुने चीनी भाषा नबोल्ने विद्यार्थीहरुको संख्या १०६० थियो । |
| भविष्यको कामको लेखाजोखा | • | चीनी भाषा नबोल्ने विद्यार्थीहरुको विद्यालय पछिको कार्यक्रम तथा शिक्षकहरु र अभिभावकहरुको कार्यशालालाई बदलिदो परिस्थिती ध्यानमा राखेर समीक्षा गरिन्छ साथै थप लगानी प्रदान गरिएका चीनी भाषा नबोल्ने विद्यार्थीहरुलाई भर्ना गर्ने विद्यालयको निम्ति विद्यालय पछि चिनियाँ भाषा अध्ययन गर्ने प्रावधानलाई समेत समीक्षा गरिन्छ। |
| अपनाइएका / अपनाइनु पर्ने अतिरिक्त | • | शिक्षा ब्यूरोले विद्यमान कार्यक्रहरु प्रदान गर्नको साथै आवश्यकता अनुसार परिस्कृत गर्ने कामलाई निरन्तरता दिनेछ । |

उपायहरु

*ग्रीष्मकालिन सेतु कार्यक्रम*

| | | |
|---|---|---|
| सम्बन्धित सेवाहरु | • | चीनी भाषा नबोल्ने बालबालिकाहरुको नयाँ भाषा वातावरण ग्रहण गर्न, अध्ययन अनुभव विस्तार गर्न र वास्तविक कक्षा परिस्थिती अन्तर्गत क्याटोनिजलाई अध्यापनको माध्यमको रुपमा अनावरण गर्न साथै उनीहरुले प्रमुख तह १ मा सिकेका कुराहरुलाई एकिकरण गराएर प्रमुख तह २ मा स्थानान्तरण गर्ने ग्रीष्मकालिन सेतु कार्यक्रमको उद्देश्य रहेको छ। |
| विद्यमान उपायहरु | • | २००७ को ग्रीष्मयामबाट शरु भएर, ४–हप्ते ग्रीष्मकालिन कार्यक्रम बढाएर आउने गरेका चीनी भाषा नबोल्ने प्रथमिक १ प्रवेशक मात्र नभएर प्राथमिक २, ३ र ४ मा जाने चीनी भाषा नबोल्ने विद्यार्थीहरु समेत ओघट्ने बनाईएको छ। |
| | • | २०१३ को ग्रीष्मकालिन बाट शुरु भएर, ग्रीष्मकालिन सेतु कार्यक्रमलाई परिस्कृत गरि कार्यक्रमको दौरान चीनी भाषा नबोल्ने विद्यार्थीका अभिभावकहरुलाई चिनियाँ प्रयोगको अनावरणमा सुधार गर्न र आफ्ना बालबालिकाहरुलाई सहयोग गर्न संगै बस्न दिईन्छ। |
| | • | शैक्षिक सत्र २०१६ / १७ मा, लगभग १५९० जना चीनी भाषा नबोल्ने विद्यार्थीहरु र १९० जना चीनी भाषा नबोल्ने विद्यार्थीहरुका अभिभावकले यो कार्यक्रममा सहभागी भएका छन्। |
| भविष्यको कामको लेखाजोखा | • | ग्रीष्मकालिन सेतु कार्यक्रमको समीक्षा वार्षिकरुपमा गर्ने गरिएको छ। |
| अपनाइएका / अपनाइनु पर्ने अतिरिक्त उपायहरु | • | शिक्षा ब्यूरोले ग्रीष्मकालिन सेतु कार्यक्रमको आयोजनलाई निरन्तरता दिनेछ। |

**प्रारम्भिक अनुकूलनको प्रबद्र्धन**

| | | |
|---|---|---|
| सम्बन्धित | • | चीनी भाषा नबोल्ने बालबालिकाको आभिभावकहरुलाई आफ्ना |

| | |
|---|---|
| सेवाहरु | बालबालिकालाई स्थानिय बालसदनहरुमाद्द[2] पठाउनको लागि प्रोत्साहन गरिन्छ ता कि चिनियाँ वातावरणमा प्रारम्भिक अनावरण होस जुन चीनी भाषा नबोल्ने बालबालिकाहरुको भाषा अध्ययन तथा मूलधारका प्राथमिक विद्यालयहरुमा सहयोगी हुन्छ । |
| विद्यमान उपायहरु | *प्रारम्भिक शिशु शिक्षा केन्द्र* |

- चीनी भाषा नबोल्ने बालबालिकाको अध्ययन र अध्यापनमा शिक्षकहरुको व्यवसायिक क्षमताको सुधार गर्न तथा उनीहरुको प्रारम्भिक शिशु शिक्षा देखि प्राथमिक विद्यालयहरुमा सहज रुपान्तरण गर्न विद्यालयमा आधारित सहयोग सेवाहरु प्रदान गरिन्छ । प्रारम्भिक शिशु शिक्षामा रहेका चीनी भाषा नबोल्ने विद्यार्थीहरुको अध्ययन र अध्यापनसंग सम्बन्धित शिक्षक तालिम कार्यक्रमहरुको पनि सुधार गरिन्छ । शिक्षकहरुको व्यवसायिक क्षमतामा सुधार गर्न यूवा विद्यार्थीहरुको विकास र प्रशिक्षार्थी विविधताबारे गोष्ठि÷ कार्यशालाहरुको आयोजना गरिन्छ

*अन्य*

- चीनी भाषा नबोल्ने बालबालिकाहरुको रमाइलो गतिविधिहरुद्वारा चिनियाँ भाषा अध्ययनलाई प्रोत्साहन गर्न जुलाई २०१२ देखि, गैर सरकारी संस्थाहरुसंगको सहकार्यमा जिल्लामा आधारित कार्यक्रमहरु संचालन गरिदै आइएको छ ।

- चीनी भाषा नबोल्ने विद्यार्थीहरुमा समर्पित विद्यालय भर्ना सम्बन्धि अभिभावककाहरुको विशेष सत्रहरु वार्षिकरुपमा आयोजना गरिन्छ ।

भविष्यको

- विशेषगरी चिनिया भाषा नबोल्ने विद्यार्थीहरुको विद्यार्थीहरुको विविधताको

२ किंडरगार्टें , किंडरगार्टनबालबालिका- रेखदेख केंद्र र किडर्गाट्न कक्षाहरु हितका स्कुलहरुको "किंडरगार्टन" को रुपमा ंदर्भित गरिन्छ।

कामको लेखाजोखा

असल अभ्यासहरुलाई संकलन तथा प्रसार गर्ने पाठ्यक्रम विकास भ्रमणहरु तथा लक्षित समूह अन्तर्वार्ताहरुको सञ्चालनलाई निरन्तरता दिइनेछ ।

अपनाइएका / अपनाइनु पर्ने अतिरिक्त उपायहरु

- शैक्षिक सत्र २०१७ / १८ देखि शुरु गरिएको निशुल्क गुणस्तरीय प्रारम्भिक शिशु शिक्षा नीति लागू भएदेखि, चीनी भाषा नबोल्ने विद्यार्थीहरुको सहयोगको निम्ति ८ वा सो भन्दा बढि चीनी भाषा नबोल्ने विद्यार्थीहरु भर्ना गर्ने प्रारम्भिक शिशु शिक्षा केन्द्रहरुलाई एक शिक्षकलाई प्रदान गरिने तलब बराबरको सहयोग प्रदान गरिन्छ । प्रारम्भिक शिशु शिक्षा केन्द्रमा भएका चीनी भाषा नबोल्ने विद्यार्थीहरुको सहयोगको लागि शिक्षकहरुको व्यवसायिकता विकासलाई सुदृढ गरिन्छ ।

## चीनी भाषा नबोल्ने विद्यार्थीहरु तथा उनीहरुको अभिभावकहरुको लागि सूचना

सम्बन्धित सेवाहरु

- यसको उद्देश्य भनेको चीनी भाषा नबोल्ने विद्यार्थीहरु तथा उनीहरुको अभिभावकहरुलाई हाम्रो विद्यालय पद्धति, मुख्य शिक्षा नीतिहरु र सम्बन्धित शिक्षा सेवाहरु, चीनी भाषा नबोल्ने विद्यार्थीहरुको अभिभावकहरुलाई सूचित विद्यालय छनौट गर्न सहजीकरण गर्ने कार्यहरुमा सहयोग गर्ने रहेको छ ।

विद्यमान उपायहरु

*चीनी भाषा नबोल्ने विद्यार्थीहरुको अभिभावकहरुको विद्यालय छनौटको विस्तार*

- शिक्षा ब्यूरोले शैक्षिक सत्र २०१३ / १४ देखि तथाकथित “मनोनित विद्यालयहरु” पद्धति निमूर्ल गरेकोछ (अर्थात चीनी भाषा नबोल्ने विद्यार्थीहरुको गम्भिर समूहलाई भर्ना गर्ने निश्चित संख्याका विद्यालयहरुलाई प्रदान गरिने थप आवर्ती लागानीको प्रावधान, जो संग चीनी भाषा नबोल्ने विद्यार्थीहरुको ख्याल गर्ने अनुभव छ, जो विद्यालयमा आधारित सहयोग उपायहरुको विकास गर्न शिक्षा ब्यूरोसंग सहकार्य गर्न र अन्य विद्यालयहरुसंग अनुभव आदानप्रदान गर्न तयार छ) “मनोनित विद्यालयहरु” उपनाम बाट उब्जने गलत धारणा हटाउने दृष्टिकोणका साथ जुन वास्तबमा गलत नाम हो र चीनी भाषा नबोल्ने विद्यार्थीहरुको चिनियाँ भाषा अध्ययनमा सहयोग गर्न विद्यालयको चेतना बढाउनको निम्ति । यसको बदलामा, १० वा सो भन्दा बढि चीनी भाषा नबोल्न विद्यार्थीहरु भर्ना गर्ने सम्पूर्ण विद्यालयहरुलाई थप कोष

प्रदान गर्दै आएकोछ । कोष व्यवस्थापन संसोधनले सम्भवतः चीनी नबोल्ने विद्यार्थीहरुको अभिभावकहरु विद्यालय छनौट विस्तारित गर्नेछ ।

*जानकारीको प्रसार*

- चिनिया भाषा नबोल्ने अभिभावक जानकारी प्याकेजः हङ्गकङ्गमा शिक्षा सम्बन्धि निर्देशिका (जानकारी प्याकेज) चीनी नबोल्ने विद्यार्थीहरु र उनीहरुको अभिभावकहरुको सहयोगलाई सुदृढ गर्न जातिय अल्पसंख्यकहरुको मुख्य भाषाहरुमा प्रकाशन गरि विद्यालयहरु, क्षेत्रिय शिक्षा कार्यलयहरु, जिल्ला कार्यलयहरु, मातृ तथा शिशु स्वास्थ्य केन्द्रहरु र गृह मामिला विभाग द्वारा लगानी गरिएका जातिय अल्पसंख्यकहरुको लागि सहयोग सेवा केन्द्रहरुमा वितरण गरिएको छ ।
- सम्पूर्ण सान्दर्भिक जानकारी (अन्य सहित, प्राथमिक तथा माध्यमिक १ मा भर्ना, र विद्यार्थी वित्तिय सहयता योजनाको घरायसी उपयोग, समेत) अंग्रजी र चिनियाँ भाषामा प्रकाशन गरि जातिय अल्पसंख्यकहरुको मुख्य भाषाहरुमा अनुवाद गरि चीनी भाषा नबोल्ने विद्यार्थी र उनीहरुका अभिभावकहरुलाई प्रदान गरिएकोछ ।
- चीनी भाषा नबोल्ने विद्यार्थीहरुको अभिभावकहरुको लागि सहयोग उपायहरु सम्बन्धि जानकारी प्रसारित गर्न समर्पित विशेष सत्रहरु (अध्ययन ढाँचाको कार्यान्वियन समेत गरेर) र सामुदायिक विद्यालयहरुको सामान्य तहहरुमा भर्ना सम्बन्धि (अर्थात प्राथमिक १ र माध्यमिक १) को आयोजना गरिन्छ ।
- अभिमुखीकरण सत्रहरु सञ्चालन गर्दा जातिय अल्पसंख्यकहरुको मुख्य भाषाहरुको दोभाषे सेवाहरु प्रदान गरिन्छ ।
- चीनी नबोल्ने विद्यार्थीहरुको अभिभावकहरुलाई अलग सामुदायिक क्षेत्रका विद्यालयहरुको सामान्य जानकारी हासिल गर्न सहजीकरण गर्न, गृह–विद्यालय सहकार्य समितीले विद्यालय विवरणको प्रकाशित अंग्रजी संस्करण, बालसदन र प्राथमिक विद्यालयहरुमा चालु शैक्षिक सत्रहरुको के३ र पी६ मा रहेका विद्यार्थीहरुको अभिभावकहरुलाई वितरणको निम्ति शैक्षिक सत्र २०१५÷१६ देखि शुरु गरि प्रदान गरिएको छ ।

*सञ्चार सहजीकरणका अन्य उपायहरु*

- उपलब्ध शिक्षा सेवाहरुको बारेमा चीनी भाषा नबोल्ने विद्यार्थीहरुको अभिभावकको बुझाइमा सहजीकरण गर्न एउटा समर्पित वेवसाइट जततउस्रधधधा।भमद।नयख।जपरलअक मा उपलब्ध छ ।
- दैनिक सोधपुछका लागि सोधपुछका लागि हटलाइन सेवा उपलब्ध छ र सोधपुछ गर्ने व्यक्ति, शिक्षा ब्यूरो र अल्पसंख्यक जातिका वासिन्दाको सद्भाव

तथा सुधार केन्द्र (सिएचइइआर), सरकारबाट आर्थिक सहयोग प्राप्त सहायता सेवा केन्द्रबीच टेलिफोन कन्फिरेन्सिङ्गको माध्यमद्वारा दोभाषे सेवा जुलाइ २०१० देखि उपलब्ध रहेको छ ।

| | | |
|---|---|---|
| भविष्यको कामको लेखाजोखा | • | शिक्षा ब्यूरोले चीनी भाषा नबोल्ने विद्यार्थीहरुका लागि शिक्षा सेवाका लागि तयार पारिएको वेवसाइटको अधिकतम् उपयोग गर्नेछ । आवश्यकताअनुसार सान्दर्भिक जानकारीहरु पनि अद्यावधिक गरिनेछ । यसको अलावा, चीनी भाषा नबोल्ने विद्यार्थीहरुको अभिभावकलाई थप जानकारी प्राप्त गर्न सहयोग गर्न विद्यालयहरुले उनीहरुको अङ्ग्रेजी विद्यालय विवरणको विषयवस्तु र विद्यालयको वेवसाइटलाई पनि अझ धेरै जानकारीले समृद्ध पार्ने कामलाई निरन्तरता दिनेछन् । |
| अपनाइएका / अपनाइनु पर्ने अतिरिक्त उपायहरु | | *प्रारम्भिक बालविकासमा भर्ना* |
| | • | *प्रारम्भिक बालविकास केन्द्रहरुमा हुने विद्यार्थी भर्ना विद्यालयमा आधारित हुने क्रमले निरन्तरता पाइरहँदा, आवेदन फारम र सान्दर्भिक जानकारीहरु अङ्ग्रेजी र चीनी दुवै भाषामा उपलब्ध गराइनु पर्ने कुरा प्रारम्भिक बालविकास केन्द्रहरुलाई सचेत गराइएको छ ।* |
| | • | अझ समावेशी विद्यालय वातावरण सिर्जना गर्ने हेतुले प्रारम्भिक बालविकासको दैनिक सम्पर्कमा आउने चीनी भाषा नबोल्ने विद्यार्थीका अभिभावलाई उनीहरुको सरोकार अभिव्यक्त गर्न अडियो फाइलसहितका क्यू कार्डहरु जातिय अल्पसंख्यकका प्रमुख भाषाहरुमा अनुवाद गरिएको छ । |
| | • | चीनी भाषा नबोल्ने विद्यार्थीहरुको अभिभावकको सन्दर्भका लागि उपयुक्त प्रचारप्रसार सामग्री (जस्तैः लिफलेट, पोस्टर, “प्रारम्भिक बालविकासमा भर्नाका लागि दर्ता प्रमाणपत्रको आवेदन” उपरको आवदेन फारम र निर्देशिकाका साथै टिभी प्रसार सामग्रीको सबटाइटल) जातिय अल्पसंख्यकका प्रमुख भाषाहरुमा अनुवाद गरिएको छ । |
| | • | चीनी भाषा नबोल्ने विद्यार्थीहरुको अभिभावकलाई जानकारी प्रसार गर्न जातिय अल्पसंख्यकलाई सेवा पु¥याइरहेका गैर–सरकारी संस्थाहरुको सञ्जाललाई प्रयोग गर्ने उद्देश्यका साथ ती गैर–सरकारी संस्था हरु लाई लाई प्रारम्भिक बालविकास केन्द्रहरुमा हुने भर्ना प्रक्रियाका बारेमा अभिमुखिकरण कार्यक्रमको आयोजना गरियो । विद्यार्थी भर्नाको क्रममा समान अवसरको बारेमा जानकारी दिनका लागि समान अवसर आयोगलाई आमन्त्रण गरिएको थियो । |
| | • | विशेष परिस्थितमा, यदि चीनी भाषा नबोल्ने विद्यार्थीहरुलाई भर्ना गर्दा समस्या देखिएमा, शिक्षा ब्यूरोले उपयुक्त हुने अवस्थाअनुरुप प्रारम्भिक |

बालबिकास केन्द्रहरुलाई सिट खाली भएका खुला गुणस्तर प्रारम्भिक बालविकास शिक्षा स्किममा प्रेषण गर्नेछ ।

- चीनी भाषा नबोल्ने विद्यार्थीहरुका अभिभावकसँगको सञ्चार अभिवृद्धि गर्न प्रारम्भिक शिशु शिक्षा केन्द्रहरुलाई सहयोग गर्नका लागि प्रारम्भिक शिशु शिक्षा केन्द्रहरुले अभिभावकहरुसँग सञ्चारका लागि प्रयोग गर्ने परिपत्रको ढाँचालाई अङ्ग्रेजी तथा जातिय अल्पसंख्यकका प्रमुख भाषामा अनुवाद गरिएको छ र शिक्षा ब्यूरोको वेवसाइटमा राखिएको छ ।

**निष्कर्ष**

**आवश्यताअनुसार, हामी माथि उल्लिखित उपायहरु आद्यवधिक गर्नेछौ र नयाँ उपायहरु पनि थप्नेछौ ।**

**सोधपुछ**

**थप जानकारीका लागि, कृपया शिक्षा ब्यूरोको एसइओ (इसी) लाई 3509 8561 मा सम्पर्क राख्नुहोला ।**

**शिक्षा ब्यूरो**
**अक्टोबर 2017**